**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १० अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- पश्चिम बंगाल विधानसभा चुनावका लागि भाजपाका वरिष्ठ नेता अमित शाहले आज कोलकतामा भारतीय जनता पार्टी (भाजपा) को चुनावी "संकल्प पत्र" जारी गर्नु भयो, संकल्प पत्रमा दार्जिलिङलाई हेरिटेज पर्यटन केन्द्रको रूपमा विकास गर्ने र पहाड़को स्थायी राजनीतिक समधान कुरा पनि उल्लेख गरिएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी 12 अप्रेलको दिन सिलगढीको कावाखली मैदानमा एक विशाल सार्वजनिक ऱ्यालीलाई सम्बोधन गर्नुहुनेछ।

- केन्द्रीय गृहमन्त्री अमित शाहले भाजपाले बंगालमा सरकार गठन गरे अनुप्रवेशकारीको मुद्दामा शून्य सहनशीलताको नीति अपनाइने बताउनु भएको छ।

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले पश्चिम बंगालका पूर्व मुख्यमन्त्री प्रफुल्ल चन्द्र सेनको जयन्तीमा उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो।

- दार्जीलिङ विधानसभाको बिजनबारी क्षेत्रमा भएको हमलामा परि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका दुई कार्यकर्ता घाईते भएको पार्टी प्रवक्ता केशवराज पोख्रेलले बताउनु भएको छ।

**भाजपा – संकल्प पत्र**

पश्चिम बंगाल विधानसभा चुनावका लागि भाजपाका वरिष्ठ नेता अमित शाहले आज कोलकतामा भारतीय जनता पार्टी (भाजपा) को चुनावी "संकल्प पत्र" जारी गर्नु भयो। उहाँले राज्यमा सत्तामा आएमा विकास, रोजगारी, महिला सुरक्षा र स्वास्थ्य सेवालाई प्राथमिकता दिने वाचा गर्दै धेरै प्रमुख प्रतिज्ञाहरू गर्नु भएको छ। महिला र बेरोजगार युवाहरूका लागि विशेष योजनाहरूको घोषणा गरिएको छ। भाजपाले महिला र बेरोजगार युवाहरूलाई प्रति महिना ३ हजार रूपियाँ प्रदान गर्ने वाचा गरेको छ। यसका साथै प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्ने युवाहरूका लागि १५ हजार रूपियाँ अनुदानको घोषणा गरेको छ। भाजपाको संकल्प पत्रमा सरकारी कर्मचारीहरूको लागि महँगी भत्ता र पारदर्शी प्रक्रिया मार्फत योग्य उम्मेदवारहरूलाई स्थायी रोजगारीको पनि वाचा गरिएको छ। किसानहरूका लागि, राज्यले प्रधानमन्त्री किसान योजना अन्तर्गत पहिले नै प्रदान गरिएको ६ हजार रूपियाँबाट बृद्धि गरेर ९ हजार रूपियाँ प्रदान गर्ने वाचा गरिएको छ। स्वास्थ्य क्षेत्रमा, आयुष्मान भारत योजनालाई गरिबहरूलाई निःशुल्क उपचार प्रदान गर्न राज्य कार्यक्रमहरूसँग एकीकृत गरिनेछ। उत्तर बंगालमा अत्याधुनिक क्यान्सर अस्पतालको निर्माणको पनि घोषणा गरिएको छ। महिला सुरक्षा सुनिश्चित गर्न, सबै जागिरहरूमा ३३ प्रतिशत आरक्षण, प्रत्येक डिभिजनमा महिला पुलिस चौकी स्थापना र प्रत्येक जिल्लाको पुलिस थानामा महिला डेस्क स्थापना गर्ने वाचा गरिएको छ। यसबाहेक, महिलाहरूको लागि १०० प्रतिशत नि:शुल्क सार्वजनिक यातायातको वाचा गरिएको छ। यसरी नै कोलकाताको लागि १० वर्षे विशेष विकास योजना, उत्तर बंगालमा एम्सको निर्माण, खेलकुद विश्वविद्यालय, चार नयाँ उपनगरहरू र दार्जिलिङलाई सम्पदा पर्यटन केन्द्रको रूपमा विकास गर्ने कुरा पनि उल्लेख गरिएको छ। यसरी नै पहाडका लागि स्थायी राजनीतिक समधान गरिने, चिया श्रमिकहरूलाई न्युनतम मजदुर ऐन लागु गरिने साथै जमिनको मालिकाना हक प्रदान गर्ने घोषणा गरिएको छ।

BYTE

भाजपा नेता तथा दार्जीलिङका सांसद राजु विष्टले संकल्प पत्रको स्वागत गर्नु हुँदै यसले पहाड़मा सकरात्मक परिवर्तन ल्याउने बताउनु भएको छ। सुन्नुहोस् हाम्रो संवाददाता अशोक चौराशियाको यो रिपोर्ट-

BYTE

**पीएम – र्याली सिलगढी**

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी 12 अप्रेलको दिन सिलगढीको कावाखली मैदानमा एक विशाल सार्वजनिक ऱ्यालीलाई सम्बोधन गर्नुहुनेछ। यस ऱ्यालीको तयारी हाल द्रुत गतिमा भइरहेको छ। ठूलो मञ्च निर्माण भइरहेको छ भने ध्वनि र प्रकाश व्यवस्था भइरहेको छ। टाढा-टाढाबाट आउने समर्थकहरूका लागि पार्किङ, पिउने पानी र अस्थायी शौचालयको सुविधा पनि मिलाइएको छ। प्रधानमन्त्रीको भ्रमणको क्रममा सुरक्षा व्यवस्था कडा पारिएको छ। भाजपाको केन्द्रीय टोली पनि स्थल निरीक्षण गर्न सिलगढी आइपुगेको छ। धेरै स्थानहरूमा विशेष जाँच गरिँदै, थप पुलिस बल र सीसीटीभी क्यामेराहरू तैनाथ गरिँदै, सम्पूर्ण क्षेत्रमा पुलिस निगरानी बढाइएको छ।

**गृहमन्त्री- बंगाल**

केन्द्रीय गृहमन्त्री अमित शाहले भाजपाले बंगालमा सरकार गठन गरे अनुप्रवेशकारीको मुद्दामा शून्य सहनशीलताको नीति अपनाइने बताउनु भएको छ। पश्चिम बंगाल विधानसभा चुनावका लागि भाजपाको संकल्प पत्र जारी गरेपछि उहाँले भन्नु भयो "पत्ता लगाउनुहोस्, हटाउनुहोस् र देश निकाला गर्नुहोस्" नीति अन्तर्गत, प्रत्येक अनुप्रवेशकारीहरूलाई राज्यबाट निष्कासन गरिनेछ, जसले राज्यको मात्र नभई सम्पूर्ण देशको सुरक्षा सुनिश्चित गर्नेछ। उहाँले अन्तर्राष्ट्रिय सीमाहरूको सुरक्षा र गाईवस्तु तस्करीमा कडा प्रतिबन्ध लगाउन पनि आह्वान गर्नु भयो। राज्यमा भर्ती प्रक्रियाको बारेमा, उहाँले भन्नु भयो, एक पारदर्शी र भ्रष्टाचारमुक्त प्रणाली विकास गरिनेछ, जसमा सबै रिक्त सरकारी पदहरू केवल योग्यताको आधारमा भरिनेछन्। रोजगारका लागि नगद जस्ता अनियमितताहरू पूर्ण रूपमा हटाइनेछ। उहाँले स्थायी जागिरहरूलाई प्राथमिकता दिइने पनि बताउनु भयो। संकल्प पत्रमा युवाहरूको लागि प्रतिस्पर्धात्मक परीक्षाको तयारीको लागि १५ हजार रूपियाँ सहयोगको वाचा गरिएको छ। यसबाहेक, भ्रष्टाचारका कारण नोकरीबाट वञ्चित उम्मेदवारहरूको लागि पाँच वर्षको उमेरमा छुटको घोषणा गरिएको छ। आर्थिक विकासको सन्दर्भमा गृहमन्त्रीले राज्यको वित्तीय स्थितिलाई सुदृढ पार्न, रोजगारीका अवसरहरू सिर्जना गर्न ठूलो लगानी आकर्षित गरिने बताउनु भयो। भूमि नीतिमा परिवर्तनको संकेत गर्नु हुँदै उहाँले उद्योगका लागि अनुकूल वातावरण सिर्जना गर्ने बारेमा पनि सम्बोधन गर्नु भयो।

**मुख्यमन्त्री- श्रद्धाञ्जली**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले पश्चिम बंगालका पूर्व मुख्यमन्त्री प्रफुल्ल चन्द्र सेनको जयन्तीमा उनलाई श्रद्धाञ्जली अर्पण गर्नु भयो। मुख्यमन्त्रीले सामाजिक सञ्जालमा एक पोस्ट गर्नु हुँदै भन्नु भयो, “ बंगालका पूर्व मुख्यमन्त्री प्रफुल्ल चन्द्र सेनको जयन्तीमा उनलाई मेरो हार्दिक श्रद्धा अनि नमन।" मुख्यमन्त्रीले आफ्नो सन्देशको माध्यमबाट राज्यका पूर्व नेताप्रति सम्मान व्यक्त गर्दै उनको योगदानलाई स्मरण गर्नु भयो। उल्लेखनीय छ, कंग्रेस नेता रहेका प्रफुल्ल चन्द्र सेनले स्वतन्त्रता आन्दोलनमा पनि सक्रिय भूमिका निर्वाह गरेका थिए। 1962 मा उनले पश्चिम बंगालका तृतीय मुख्यमन्त्रीको रूपमा शपथ ग्रहण गरेका थिए भने 1967 सालसम्म आफ्नो पदमा कायम रहेका थिए।

**बंगाल – पुलिस अधिकारी**

पश्चिम बंगाल विधानसभा चुनाउ अघि निर्वाचन आयोगले राज्य पुलिसमा फेरि एकपटक व्यापक प्रशासनिक फेरबदल गरेको छ। आयोगले 81 जना पुलिस इनस्पेक्टर र 68 जना पुलिस सब-इन्स्पेक्टरलाई चुनाउ ड्यूटीबाट हटाएको छ। आयोगले स्पष्ट पारेको छ, यी अधिकारीहरू अब कुनै पनि प्रकारको चुनाउ सम्बन्धि कार्यहरूमा सामेल रहने छैनन्। आयोगको निर्देश अनुसार सम्बन्धित पुलिस अधीक्षकहरूले यी अधिकारीहरूविरूद्ध कारबाही गरेका हुन्। साथै यो पनि सुनिश्चित गर्न भनिएको छ, यी अधिकारीहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा चुनाउ प्रक्रियाा हस्तक्षेप गर्ने छैनन्, यसको लागि उनीहरूबाट लिखित आश्वासन लिइनेछ।

सूत्र अनुसार कोलकाताका पूर्व पुलिस आयुक्त सुप्रतिम सरकार पनि यसबाट अछुतो रहेनन्। उनलाई चुनाउ ड्यूटी अन्तर्गत पर्यवेक्षकको रूपमा तमिलनाडु पठाइनेछ। उल्लेखनीय छ, उनले शारीरिक असुविधाको आधारमा यस जिम्मेवारीदेखि छुट मागेका थिए, तर आयोगले यसलाई स्वीकार गरेन।
आयोगद्वारा जारी अधिसूचनामा भनिएको छ, 81 जना इन्स्पेक्टरहरूलाई नयाँ जिम्मेवारी पनि सुम्पिइएको छ साथै उनीहरूलाई आज साँझ 5 बजेसम्म आफ्नो पदमा कार्यभार सम्हाल्ने निर्देश दिइसकेको छ। जुन जिल्लाका इन्स्पेक्टरहरूलाई हटाइएको छ त्यसमा कुचबिहार, रायगञ्ज, इस्लामपुर, अलिपुरद्वार, दक्षिण दिनाजपुर, सिलगढ़ी, डायमण्ड हार्बर, बारुइपुर, बारासात, बसिरहाट, बनगाउँ, ब्यारकपुर, विधाननगर, कृष्णनगर, रानाघाट, आसनसोल-दुर्गापुर, पश्चिम मेदिनीपुर, पूर्व मेदिनीपुर, पुरुलिया, बीरभूम, जलपाईगुड़ी, मालदा र बाँकुड़ा सामेल छन्।

**राशन अनियमितता- ईडी**

राशन वितरणमा भएको कथित अनियमिततालाई लिएर प्रवर्तन निदेशालय पश्चिम बंगालको धेरै जिल्लाहरूमा आज बिहानदेखि एकैसाथ छापा मारेको छ। स्रोतका अनुसार, कोलकाता, हावडा, बनगाँव र मुर्शिदाबाद सहित राज्यका कुल १२ स्थानमा खोजी भइरहेको छ। जाँच एजेन्सीले राशन वितरण प्रक्रिया र सम्बन्धित वित्तीय लेनदेनको जाँचपडताल गरिरहेको छ।

**पुलिस रूट मार्च**

पश्चिम बंगालमा निष्पक्ष र शान्तिपूर्ण चुनाव सुनिश्चित गर्न, पुलिसले जागरूकता अभियान सुरु गरेको छ। आज सोनापुर पुलिस थाना प्रभारी मिङ्मा शेर्पाले, केन्द्रीय बलहरूसँग, अलिपुरद्वार-१ ब्लकको शालकुमारहाट र भण्डानीहाट बजारको सडकमा निस्किएर जनतासँग प्रत्यक्ष अन्तरक्रिया गर्नु भयो। रुट मार्चको क्रममा, पुलिसले नागरिकहरूलाई निर्भयतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न अपील गरेको छ। थाना प्रभारीले कुनै पनि प्रकारको हिंसा, धम्की, उत्तेजना, धोखाधडी मतदान, वा बुथ कब्जा गर्ने प्रयास सहन नगरिने बताउनु भयो।

**पहाड़ चुनाव**

आगामी विधानसभा चुनावमा दार्जीलिङबाट 6 अनि खरसाङ विधानसभा क्षेत्रबाट 7 उम्मेद्वारहरू चुनावी मैदानमा उत्रिएका छन्। जसमा दार्जीलिङ विधानसभा क्षेत्रमा भाजपाबाट नोमन राई,कंग्रेसबाट माधप राई,भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाबाट विजय कुमार राई,राष्ट्रिय आम जन सेवा पार्टीबाट मिलन थोकर, स्वतन्त्र उम्मेद्वारद्वय अजय लुकस एडवार्ड्स अनि जतिन घले चुनावी मैदानामा छन्। यसरी नै खरसाङ विधानसभा क्षेत्रमा भाजपाबाट सोनम लामा,माकपाबाट उत्तम ब्राहमन,कंग्रेसबाट सरोज कुमार छेत्री,भागोप्रमोबाट अमर लामा,साथै स्वतन्त्र उम्मेद्वारहरूमा बन्दना राई,मोहन शर्मा अनि सुमेन्द्र तामाङ चुनावी मैदाममा उत्रिएका छन्। यी उम्मेद्वारहरूको हिज नामङ्कन पत्र जाँच भएको थियो भने स्वतन्त्र उम्मेद्वारहरूलाई आ-आफ्नो चुनाव पनि प्रदान गरिएको छ। यसरी नै कालेबुङ विधानसभा क्षेत्रका लागि पनि विभिन्न राजनीतिक दल लगायत स्वतन्त्र उम्मेद्वारहरूले नामङ्कन पत्र जाँचपछि आ-आफ्नो चुनाव प्रचार गरिरहेका छन्।

**गोरामुमो खरसाङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाले खरसाङ ब्राञ्च चुनाव कमिटी गठन गरेको । गोर्खा जनपुस्तकालयमा खरसाङ ब्राञ्च कमिटी अध्यक्ष निमा लामाको अध्यक्षतामा सप्पन्न भएको सभालाई प्रचार प्रसार सचिव भुपेन गुरुङले संचालन गर्नु भएको थियो । सभामा समष्टिका प्रतिनिधिबर्ग , भ्रातृ संगठनका प्रतिनिधिबर्गको उपस्थिति रहेको पार्टीका मिडिया सेल प्रभारी दिनेस साम्पाङले जानकारी दिनु भएको छ ।

**खरसाङ- अम्बेडकर जयन्ती**

खरसाङमा पार्वत्य तराई अनुसूचित जाति संयुक्त मञ्चको आयोजनामा बाबासाहेब डा भीमराव अम्बेडकरको 136 औं जन्म जयन्ती पालन गरिने भएको छ। यस विषयमा खरसाङ क्षेत्रका अनुसूचित जातिलाई लिएर गठित पार्वत्य तराई संघको तर्फबाट खरसाङमा एक पत्रकार सम्मेलन आयोजना गरेर आगामी 14 अप्रेलको दिन खरसाङमा बाबासाहेब डा भीमराव अम्बेडकरको जन्म जयन्तीको अवसरमा खरसाङ रेलवे स्टेशनबाट रेली शुरु भएर बजार परिक्रमा गरी मोटर स्ट्याण्ड हुँदै नयाँ बजारस्थित सार्वजनिक भवनमा पुगेर सम्वर्ध्दना कार्यक्रम आयोजना गरिने भएको जानकारी गराएको छ। यस अवसरमा डा अम्बेडकर विषयमा बी.बी. बिश्वकर्माले वार्ता प्रस्तुत गर्ने भएको जानकारी प्राप्त भएको छ।

**दार्जीलिङ- हमला**

दार्जीलिङ विधानसभाको बिजनबारी क्षेत्रमा भएको हमलामा परि भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका दुई कार्यकर्ता घाईते भएको पार्टी प्रवक्ता केशवराज पोख्रेलले बताउनु भएको छ। उहाँले रातीको समयमा आफूहरूको पार्टीका दुई कार्यकर्तालाई भाजपा कार्यकर्ता हमला गरेको  आरोप लगाउनु भएको छ।

**काठमाण्डौ -बिस्केट जात्रा**

काठमाडौं उपत्यकाको भक्तपुर जिल्लामा नेपाली नयाँ वर्षको स्वागत गर्न संगीत र उत्सवका साथ प्रारम्भिक उत्सवहरू शुरू भएको  छ। विक्रम संवत अनुसार २०८३ को नेपाली पात्रो अनुसार १४ अप्रेल वैशाख १ गते हो र यो नयाँ वर्षको आगमनको अवसरमा नेपालमा राष्ट्रिय बिदा हुने गर्दछ।

**********